# तृष्णाको लहरी

चन्द्रकला नेवार



तृष्णाको लहरी

गीतसङ्ग्रह

# तृष्णाको लहरी

(गीतसङ्ग्रह)

गीतकार

चन्द्रकला नेवार

प्रकाशक

गुञ्जन

| | | |
|---|---|---|
| कृति | | तृष्णाको लहरी |
| विधा | - | गीतसङ्ग्रह |
| गीतकार | - | चन्द्रकला नेवार |
| सर्वाधिकार | - | रचनाकारमा सुरक्षित |
| प्रकाशक | - | गुन्जन |
| आवरण चित्र | - | ज्ञानेश्वर उदय |
| प्रथम संस्करण | - | २०६३ |
| प्रकाशित प्रति | - | १००० |
| मुद्रक | - | इजीटोन |
| कम्प्यूटर डिजाइन | - | मनिका (निकी) श्रेष्ठ |
| मूल्य | - | रु. ८५/- |
| | | US$ 4/- |
| ISBN: | - | 99946-829-2-X |


TIRSHNA KO LAHARI

A collection of Geet Shangra

By

***Chandrakala Newar***

## समपर्ण

मेरा अंशहरु .......
सञ्जय, सुजाता र सुजय,
अंशका अंशहरु-
आदर्श, आस्था, सुशान
र
याशिलालाई...... ।

# प्रकाशकीय

- पद्मावती सिंह

गुञ्जन नारी स्रष्टाहरूको सक्रियतामा जन्मिएको एक विशुद्ध साहित्यिक संस्था हो । स्रष्टाहरूको साहित्यिकताको अध्ययन तथा मूल्याङ्कन गर्ने विषयमा समेत लैङ्गिक विभेदको संस्कार हावी भइरहेको अवस्थामा सुधार गर्नुपर्ने आवश्यकता बोध गर्ने सिङ्गो नेपाली साहित्यिक श्रीवृद्धिमा सार्थक टेवा पुऱ्याउने लक्ष्यलाई अघि सारेर साहित्यिमा संलग्न नारी प्रतिमाहरूलाई अझै सशक्तताकासाथ कलम चलाउन उत्प्रेरित गर्ने तथा नारी स्रष्टाहरूको योगदानको पनि उचित मूल्याङ्कन हुनुपर्ने विषयमा सम्बन्धित व्यक्ति तथा संघसंस्थाहरूको ध्यानाकर्षण गर्ने उद्देश्य राखी बाह्रजना नारी स्रष्टाहरूको अगुवाइमा वि.सं. २०५४ सालमा गुञ्जनको विधिवत् गठन भएको हो ।

गुञ्जनको जन्मपश्चात् गुञ्जनले विभिन्न साहित्यिक गतिविधिहरू तथा कार्यक्रमहरूको आयोजना गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका गोष्ठी, सम्मलेन तथा अन्तर्क्रियाहरूको सफल आयोजना गर्दै साहित्यिक जगत्मा आफ्नो पृथक पहिचान कायम गर्न सफल भइसकेको छ । गुञ्जनले निरन्तर साहित्यिक क्रियाकलापकासाथै आफ्ना मुखपत्र *गुञ्जन* प्रकाशको अतिरिक्त पुस्तक प्रकाशनतर्फ आफ्नो कदम अगाडि बढाएको छ ।

गुञ्जनको संस्थापक सदस्यहरूमध्ये एक हुनुहुन्छ-चनद्रकला नेवार । वर्तमान कार्यसमितिका उपाध्यक्ष चन्द्रकला नेवार साहित्यिक जगत्मा एक चिरपरिचित नाम हो । उहाँ बहुआयमिक व्यक्तित्वका धनी हुनुहुन्छ । उहाँ एक सफल गीतकार, संगीतकार तथा गायिका हुनुहुन्छ । उहाँको कलम कविता तथा कथाहरू सिर्जना गर्नेतर्फ पनि त्यतिकै सक्रिय रही आएको छ । प्रस्तुत गीतिसङ्ग्रह *तृष्णाको लहरी* उहाँद्वारा रचिएका, स्वरबद्ध गरिएका तथा गाइएका गीतहरूलाई सङ्कलन गरी पुस्तकको रूपमा प्रकाशित गरेका छौँ ।

गीत तथा सङ्गीतको क्षेत्रमा आफ्नो छुट्टै पहिचान कायम गर्न सफल, चार दशकअघिदेखि काव्य रचना गर्ने, सङ्गीतको क्षेत्रमा योगदान पुऱ्याउँदै आउनु भएका बहुआयमिक व्यक्तिव श्री चन्द्रकला नेवारका प्रस्तुत गीतिसङ्ग्रहमा सङ्गृहीत गीतहरूमा माया पिरती, मिलन र विछोड, आँसु र हाँसो, विरह र व्यथाहरू छचल्किएका छन् । जिन्दगीका भोगाइका मायालाई गीतको स्वरूप दिई हृदयले सुम्सुम्याएर सिर्जना गरिएका हुँदा प्रस्तुत गीतिसङ्ग्रहका गीतहरू हृदयस्पर्शी बन्न पुगेका छन् । मायापिरतीका शब्दहरूले सिँगारिएका गीतहरूबाहेक राष्ट्र भावनाले भरिएका गीतहरूले पाठक तथा स्रोताहरूको हृदयमा राष्ट्र भावना जगाउन सफल भएका छन् । गीतकारको हृदयमा अवस्थित लय तथा सङ्गीत गीतको माध्यम बनेर प्रकट भएर हो कि गीतहरू पाठक तथा स्रोताको मनसित एकाकार भई दिएका छन् । सङ्क्षेपमा भन्नुपर्दा यस गीतिसङ्ग्रहका गीतहरू भावपूर्ण, लयात्मक तथा हृदयस्पर्शी छन् ।

अन्तमा, *गुञ्जनलाई तृष्णाको लहरी* गीतिसङ्ग्रह प्रकाशित गर्ने अवसर प्रदान गर्नु भएकोमा श्रद्धेय दिदी चन्द्रकला नेवारप्रति आभार प्रकट गर्दै उहाँको गीति तथा साङ्गीतिक यात्रा बिनाअवरोध निरन्तर अघि बढोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

२०६३/१/८

अध्यक्ष

गुञ्जन

❖

# शुभेच्छा सगुन

- तेजेश्वरबाबु ग्वंगः

जीवन सञ्चालित संयन्त्र हो । हामी यस्तै ठान्छौँ । भन्छौँ पनि यस्तै । स्वचालित संयन्त्रभित्र एउटा स्वचालन संयन्त्र पनि रहेको छ । स्वचालित संयन्त्रको स्वचालन यन्त्र मन रहेको हुन्छ । मन रहे सबै रहन्छ । मनै नरहे केही नि रहन्न । मन उचालिन्छ पाइला उचालिन्छ । पाइला चले जीवन चल्छ । गति चल्छ । बाँच्नुको यात्रा लम्बिन्छ । पाइलाबिनाको यात्रा र यात्राबिनाको पाइला के यात्रा ? के पाइला ? के जीवन ? यिनै गुनगुनाई मनका धीत र धोकोमा परिणति पाउँछन् जब गीतका बोली बुन्छन् मन । यिनै मनका तराना हुन्-चन्द्रकला नेवारका गीतसङ्ग्रहका गीत ।

एउटै गीतिकविता जीवनको लागि पर्याप्त बन्न सक्छ । सिङ्गै जीवन गीतिकविताको लागि पर्याप्त नबन्न पनि सक्छ । गीतिकविताको मर्म यही हुन सक्छ । छातिमा हात हालेर भन्न मन लाग्छ जीवन फड्काका छलाङ्भित्र गीतहरूका मर्म बोध हुन सक्छ । जब-जब जीवन गाथा, भावहरू मनैदेखि फुर्न थाल्छन् नमेटिने गीतहरू रच्न पुगिन्छन् । अमर गीत मुखरित हुन्छन् जब गीतकारमा गीति संचेतना जुर्मरिन्छन् । जुर्मुरिनुमा भने मनको संवेग रहन्छ, परन्तु सन्तुलित मनको सन्तुलित वेग ठहर्छ । गीतिकवितामा सारभूत मर्मस्पर्शी सासहरू ।

चन्द्रकला नेवारका गीतभित्र जीवन स्पन्दनका बोलहरू बोलिरहेका भाव तरङ्गहरू खोज्दाखोज्दै विभोर बनेर हरिभक्त कटुवाल, किरण खरेल, रत्नशम्शेर थापाहरू सम्झन पुगिरहेको हुन्छु । गीतले कविता भाकिरहेको पाउन थाल्छु । *मृत्युर्गमा अमृतङ्मय* बन्न पुगेझैँ लाग्न थाल्छ । गीतभित्र सल्बलिन्छु मभित्र गीत सल्बलिन्छ । गीतमा अमरत्व र अमरत्वमा गीत बोलिरहेको सुन्छु । गीत यस्तो भइदिए हुन्छ लाग्छ । लागिरहोस् भन्ठान्छु । चन्द्रकला गीतमा चन्द्रकला झुल्किरहून् ।

पीडामा गीत र गीतमा पीडा बोल्छ । पीडामा गीत बोल्दा हरिभक्त कटुवालको अभिव्यक्ति गुञ्जिन थाल्छ- **नसोध मलाई कहाँ दुख्छ घाउ** । मन छुन पुग्छ, मुटु ढुकढुकिन्छ । मार्मिक जीवनको मर्मबोध हुन थाल्छ । जीवनै घाउ भइदिँदा दुख्ने ठाउँ जीवनै भइदिन्छ । गीति गुञ्जनले अमरत्व पाइदिन्छ । दुख्ने जीवनसित साटिएको मर्मबोधमा हरिभक्त कटुवालले जस्तै गीतिकवितामा चन्द्रकला नेवारले पनि आफ्नै गीत गुञ्जनभित्र अमरत्व पाउन सकून् ।

जीवन र प्रकृतिको साँधमा सुमधुर गाना गाउने किरण खरेलका *हिमालको काखमा छ, सानु मेरो गाउँ* गीतमा देश र पर्यावरणले अवतरण गरेको संस्कारमार्फत् अभिव्यक्तिमा देशको स्वदेशीय संस्कृति झल्किँएदै चन्द्रकला नेवारका गीतिअभिव्यक्ति संस्कारयुक्त रहून्-कामनाका सगुन दिउँ-दिउँ लाग्छ ।

बैँसको उन्माद स्नेहको भेलमा परिणति पाउँछ, गीतकारले गीत लेख्छ । रत्नशम्शेर थापा विरक्त भएर पोख्छन्-*ए कान्छा ठट्टैमा यो बैँस जान लाग्यो* ........ दोहोरी खेल्न पुग्छ । दोहारी एकोहोरिदैँ गाढिन्छ । प्रणय प्रसङ्ग बन्छ । नेपाली गीतभित्रका जीवन्त आलाप मचिन्दाका क्षण विभोर भावहरूले चन्द्रकला नेवारका पनि प्रतिनिधि गीति बोल्न बनिरहून् । शुभचिन्तक बन्ने रहरहरू उर्लन्छन् ।

विवशताका स्याँ......स्याँ....... चन्द्रकला नेवारका गीत गुञ्जनभित्र नसुनिएको कहाँ हो र ! उहाँका विवश गीतका विवश स्वर शब्द लहरीले कालीप्रसाद रिजालका *मुटुमाथि ढुंगा राखी हाँस्नु पऱ्या छ* .......... सम्झाई दिन्छ । गीतिकविता गायक कवि सल्बलाउँदा पाठकको मनलाई उस्काई दिन्छ । मलाई उस्काई दिँदा त हो कि कालीप्रसाद रिजाललाई सम्झन पुग्छु म । चन्द्कला नेवारका मधुर गीतका बोलभरिका पंक्ति र पंक्तिभरिका बोल सुन्न थाल्दा शुभेच्छा पोखिरहूँ झैं लागिरहन्छ । चन्द्रकला नेवारका गीति मुखरनले शिखर अभियान भरिरहून् ।

चन्द्रकला नेवारका गीतिभावहरू सँगाल्दै जाँदा भन्न मन लाग्दछ कि गीतिकविता मन र मुटुको सङ्गम बने भावतरङ्ग तिनको गतिमान प्रवाह बन्छ । सबै गीतिकविता मनका तरङ्ग भएर पनि सबै मनहरू गीति कविताका तरङ्ग बनोइनन् । जीवनमा पर्न थालेका अनेक प्रभाव मनभित्र घुसेर सर्जकलाई बिउँझाउँछन् । सर्जकहरू मनका भावहरू प्रभातहरूमा पोख्छन्, मिसाउँछन् । चन्द्रकला नेवार सधैँ-सधैँ यसतिर उन्मुख बनिरहून्, रहिरहून् ।

❖

निष्ठाछें, सूर्यविनायक मार्ग, सिपाडोल-१, भक्तपुर

# मैले भन्नुपर्ने

– चन्द्रकला नेवार

सङ्गीतको अर्को पक्ष सौन्दर्य हो । सङ्गीतले आत्मानुभूतिलाई सुन्दरता प्रदान गर्छ । कठोरभन्दा कठोर हृदय भएको व्यक्ति पनि तरल बनेर छताछुल्ल बग्न सक्छ, जब उसको हृदयलाई गीतले छुन्छ र हृदयको ध्वनि बन्दछ ।

चराचुरुङ्गीको कलरव, छङ्-छङ् गर्दै झर्ने झर्नाको गीत, नदीको कल्‌कल् ध्वनि, सूर्योदयको रङ्गीन सपना, सूर्यास्तको सुरम्य दृश्य यिनै त हुन् । सङ्गीतको उद्‌गम स्थल, आजको लोकगीत । जीवनको सुख-दुख, हाँसो-आँसु, आदानप्रदान गर्ने माध्यम बन्यो लोकगीत । लोकगीत नै परिमार्जित हुँदै शास्त्रीय सङ्गीत बनेको हो । लोक सङ्गीत नै शास्त्रीय सङ्गीतको जननी हो । लोकसङ्गीतको संरक्षण र सम्वर्धन गर्ने अभियानमा सङ्गीतका साधकहरू तथा सङ्गीतप्रेमीहरू अघिसर्नुपर्छ भन्ने मलाई लाग्छ ।

आज साहित्य, कला, सङ्गीत हरेक क्षेत्रमा मिडियाले ठूलो भूमिका खेलिरहेको छ । यहाँनेर हामी आर्थिक स्थितिको कुरोलाई नकार्न सक्दैनौँ ।

पैसा पनि छ, प्रतिभा पनि छ भने त सुनमा सुगन्ध थपियो भन्दा अत्युक्ति नहोला । नेपालमा राम्रा-राम्रा कलाकार धेरै छन् । मिडियाले उनीहरूलाई चिनेर पनि चिनेका हुँदैनन् । उनीहरू आफै सम्पर्कमा आउन सकिरहेका छैनन् । अर्थ एउटा तँगारो, एउटा प्रश्नचिन्ह बनेर उनीहरूका सामु उभिएको छ । यसरी राम्रो कलाकारको प्रतिभा ओझेलमा परेर अन्धकारमा विलीन भएर जाने सम्भावना बढ्दै गएको छ । फलस्वरूप सङ्गीतको स्तर नै घटेर देश, जाति तथा समाजले ठूलो क्षति बेहोर्नु पर्ने छ ।

गीतकविताको अंश हो । कविताजस्तो गीत क्लिष्ट हुनु हुँदैन । अप्ठ्यारा संयुक्त अक्षरको प्रयोग थोरै हुनसके गीत सुरिलो र कर्णप्रिय हुन्छ । यो मेरो आफ्नो सोचाइ हो । २८ वर्ष अलइण्डिया रेडियोमा गीत गाएँ । चार वर्षको

उमेरमा अक्षर नचिन्दै अखिल भारतीय गोर्खा लीगको सभामा गीत गाएकी हुँ । त्यसबेलादेखिको अनुभवले यी कुराहरू लेख्न साहस गरें । गीतका शब्दहरू मात्र राम्रो भएर हुँदैन, सङ्गीत पनि राम्रो हुनु पर्दछ । राम्रो सङ्गीतको अभावमा राम्रा शब्दहरू मृतप्रायः हुन्छन् । राम्रा शब्दको अभावमा राम्रो सङ्गीत नून नहालेको अलिनो तरकारीजस्तो हुन्छ । राम्रो *कण्ठशिल्पी* को अभावमा त झन् *माछो-माछो-भ्यागुतो* भइदिन्छ । शब्द-सङ्गीत र कण्ठशिल्पी सबै एकअर्काका परिपूरक हुन् ।

यस सङ्ग्रहमा सङ्गृहीत गीतहरू अलइण्डिया रेडियो र नेपाल रेडियोमा गाएका गीतहरू हुन् । केही नयाँ गीतहरू पनि समावेश गरिएका छन् । यस सङ्ग्रहमा धेरैजसो मैले गाएका गीतहरू छन् । केही गीतहरू आरती नेवार, अञ्जुदेवी, विपुलबहादुर र भारती उपाध्यायले गाउनुभएको छ ।

गीत लेख्ने प्रेरणा मैले मेरो बुबा श्रीभक्तबहादुर प्रधानबाट पाएकी हुँ । उहाँ गीत लेख्नुहुन्थ्यो, स्वरबद्ध गर्नुहुन्थ्यो र हामीलाई सिकाउनुहुन्थ्यो । रागमा आधारित तुलसीदास तथा कबीरका भजनहरू हामीलाई सिकाउनुहुन्थ्यो । हामी पाँचजना सरस्वती क्षेत्री, आरती नेवार, प्रकाश नारायण प्रधान, भारती उपाध्याय र म बुबाको वरिपरि बस्थ्यौं । हारमोनियममा लिएर बुबा बीचमा बस्नुहुन्थ्यो । विगतको यो दृश्य जब सम्झन्छु–अनायासै आँखाहरू रसाउन थाल्छन्, अनि म यो गीत गुनगुनाउन थाल्छु–

*खेलौनाझैं खेल्छौं हामी*
*सपनामा रम्छौं हामी*
*जब–जब आँखा खुल्छ*
*एक्लो–एक्लो हुन्छौं हामी ..........।*
*माया–माया भन्दाभन्दै, बित्दोरैछ जिन्दगानी ।*

यो कृतिमा आफ्ना बहुमूल्य विचार लेख्नु हुने वरिष्ठ साहित्यकार श्री तेजेश्वरबाबु ग्वगं:प्रति कृतज्ञता व्यक्त गर्दछु ।

यो कृति प्रकाशन गरेर मेरो गीतसङ्गीतको अनुराग अझ थपि दिएकोमा अध्यक्ष लगायत गुञ्जन परिवारलाई नै हार्दिक धन्यवाद दिन चाहन्छु ।

यो कृति प्रकाशन गर्ने क्रममा मलाई सहयोग गरेर साथ दिने स्नेही बहिनी साहित्यकार तथा वनिताका सम्पादक लक्ष्मी उप्रेतीप्रति आभार व्यक्त गर्दछु ।

वरिष्ठ सर्जक भाइहरू यादव भट्टराई तथा युवराज नयाँघरेप्रति हार्दिक आभार प्रकट गर्दछु ।

# विषय-सूचि


| | | |
|---|---|---|
| १. | आँखाभरि राख्दा राख्दै | १३ |
| २. | रहरहरू बगाई लगे | १४ |
| ३. | बेहोसीमा थाहा नपाई | १५ |
| ४. | तुतु-तुतु गाडी चल्छ, रेल छक्क-छक्क | १६ |
| ५. | बतासँसित साउती गर्दै | १७ |
| ६. | म एक्लो छु परदेशमा | १८ |
| ७. | मुटुदेखि मुटुसम्म | १९ |
| ८. | छैन रै' छ तिमीसित, पीर रुने काख | २० |
| ९. | रहर थियो एउटा, दुखेको मनमा | २१ |
| १०. | सुनैसरी आमा मेरी, कति न्यानो काख | २२ |
| ११. | आजको गीत लाएको प्रीत | २३ |
| १२. | ए .... आमा भन किन, | २४ |
| १३. | रुन नदेऊ हाम्रो कथा रगतमा डुबेर | २५ |
| १४. | जून फुल्ने आकाशमा | २६ |
| १५. | दिनपछि आउँछ साँझ | २७ |
| १६. | रङ्गीचङ्गी सपना भूलेँ | २८ |
| १७. | प्रेम तिम्रो हजार नाम | २९ |
| १८. | जति-जति उज्यालोको | ३० |
| १९. | सिपीले आफ्नो ठानेर | ३१ |
| २०. | जीवन नदीमा कठै ... मेटिँदैन | ३२ |
| २१. | जानी नजानी गाँसेछ माया | ३३ |
| २२. | जति माया दिन्छौ तिमी | ३४ |
| २३. | भन न भन, मनका कुरा | ३५ |
| २४. | सुन दाजै ए माइती राजै | ३६ |
| २५. | कता-कता कसैले, मलाई बोलाएझैँ लाग्छ | ३७ |
| २६. | यो अँध्यारो बस्तीमा | ३८ |
| २६. | मायाको छायाँमा, माया यो राख न | ३९ |
| २७. | नबजाऊ डम्फु मादल ... नबजाऊ | ४० |
| २८. | माया लाउन नजान्नेले.. | ४१ |
| २९. | छातीभरि, मुटुभरि, तिमी-तिमी छौ | ४२ |
| ३०. | जुनेली ... चिसो-चिसो उजेली | ४३ |
| ३१. | दिई गयो एउटै दृष्टिले | ४४ |
| ३२. | जीवन पखेरू, उडेर जानेछ | ४५ |

३३. पूर्ववाट उज्यालो आयो ४६
३४. फूल भनी बटुलेथैं ४७
३५. ओ आकाश ....... ओ आकाश ...... ४८
३६. तिम्रो साथ देऊ, काटिहाल्छ जिन्दगानी ४९
३७. मुटु छुने, इसारा.... ५०
३८. आयो ........फेरि तिम्रो याद आयो ५१
३९. यो मुटुभित्र माया तिम्रो ५२
४०. चोखिन्छे रातकी रानी ५३
४१. पोखिएर तिमीभरि घोलिएछु चन्दन ५४
४२. आकाशभरि माया छरी नाम लेखिदेऊ ५५
४३. मन मेरो साटिएछ ५६
४४. आऊ न माया गासौँ न ५७
४५. सम्झना तिम्रो, सँगाल्छ छातीमा भावना ५८
४६. मुटुभरि पीर ५९
४७. तिमी मेरो जिन्दगीको ६०
४८. नीला-नीला आँखाबीच ६१
४९. सम्झी थाक्छ सम्झना ६२
५०. आँखामा आँसु छल्किन्छ ६३
५१. सम्झना गर्दिनँ कसैको मैले ६४
५२. आज रिम्झिम् झिम्झिम् पानी पऱ्यो आऊ न ! ६५
५३. करूणामय ए आमा ६६
५४. बुल् बुल् बुल् बुल् बुलबुले ६७
५५. ए मन प्यारी ६८
५६. सुन हे सुन .... नेपाली जाति ६९
५६. शिरीष फुल्यो, वनभरि ७०
५७. यो फूल किन फक्रियो ७१
५८. नजलाऊ श्रद्धाको सागर ७२
५९. इतिहास लुकाउने आँखालाई ७३
६०. विर्सिदेऊ मलाई ७४
६१. किन आँखालाई अश्रु दियौ ७५
६२. बिर्सिदिन सक्ने भए ७६
६३. धेरै हुन्छन् आकाशभरि ७७
६४. कति लुकाऊँ पीरहरु ७८
६५. ए....... के भयो आज मेरो यो मनलाई .... ७९
६६. धर्तीमा स्वर्गजस्तो, मेरो प्यारो देश ८०

# आँखाभरि राख्दा राख्दै

आँखाभरि राख्दा राख्दै
आँसु बनी झरिदियो
कलेजीमा निर्मोहीको
माया किन बसिदियो ॥ आँखाभरि ॥

रसिएका गहभरि
गाडिएछ प्रतिविम्ब
मेरो मनको मान्छेको
डाँडा काटी जानेको ॥ आँखाभरि ॥

मेरो मनको आँखाभरि
उसको छायाँ बसिदियो
मीठो–मीठो सुवासिलो
मृगतृष्णा छोडिगयो ।
आँखा ..................

# रहरहरू बगाई लगे

रहरहरू बगाई लगे
आँसुका भेलमा
मेरो माया हार्‍यो नि लै-लै
जिन्दगीको खेलमा
आकाश-आकाश टेक्थें पाइला
पन्छीजस्तो उड्थ्यो मन
काटिएछन् प्वाँख सबै
शून्य भए तन-मन ॥ रहर ॥
दृष्टिहरू सँगालेर
आँखाभरि राखें
मायाहरू सम्हालेर, मनभरि साँचे ॥ रहर ॥
मायाजस्तो देखिने, मृगतृष्णा रै छ
घावैघाउ छ, मुटुभरि
सधैंभरि दुख्छ ।

❖

# बेहोसीमा थाहा नपाई

बेहोसीमा थाहा नपाई
एउटा फूल फुलेको छ
कसलाई थाहा कहाँनेर
आँधीबेरी चलेको छ ।

छटपटी वेदनामा
कति लुकाई राख्न सक्छ
छातीभरि सल्किएको आगो
कहिलेसम्म साँच्न सक्छ ।

कति चोटि मर्नुपर्छ
कति चोटि बाँच्नुपर्छ
कति चोटि जिन्दगीलाई
आँसुसित साट्नुपर्छ ।

❖

# तुतु-तुतु गाडी चल्छ, रेल छ्वक-छ्वक

तुतु-तुतु गाडी चल्छ, रेल छक्क-छक्क
उडाउँदै चारैतिर धुँवा फक्क-फक्क
त्यसरी नै हामी पनि गर्दै झक्क-झक्क
जीवनको रेल चलाउँ छक्क-छक्क
तुतु.................

हिमालको काखमा छ, हाम्रो प्यारो देश
झन् प्यारो हाम्रो छ, भाषा र भेष
तुतु.......

सगरमाथा चुलीमाथि हामी पुगिदिन्छौं
विकासका बाटाघाटा हामी खोलिदिन्छौं
तुतु ........
बादलको छातीभेदी उज्यालोमा पुग्छौं
तुतु.....................

❖

# बतासिसित साउती गर्दै

बतासिसित साउती गर्दै
पातहरू गाउन थाले
फक्रिएर फूलहरू
ताल–तालमा नाच्न थाले ।

कलकल बग्न थाले
खोला–नाला छहरा
हरियाली छायो हेर
गाउँबेसी सहर ।

सुवास छर्छन् फूलहरू
पत्र फुकाएर
मृग–मयूर नाच्न थाले
मनै रमाएर ।

धन्य तिमी तिम्रो सृष्टि
कति राम्रो संसार
धन्य भयौं आज हामी
मानिसको जुनी पाएर ।

# म एक्लो छु परदेशमा

मनको मान्छे छैन
मेरो ठेगान छैन ।
छुटे सारा साथी-सङ्गी
छुटे सारा साथहरू
अँगालोमा बाँधिराख्ने
प्यारा-प्यारा हातहरू
आमाको न्यानो मायालु काख
कहीं कतै छैन ।
जन्मभूमि आमा मेरी
छोडी आएँ तिमीलाई
माफ गर... अभागी यो
टाढाको परदेशीलाई
माफ गर....
धोकाहरूमा अल्झिएर, बाँचिरहेको छोरोलाई
म एक्लो .........

❖

# मुटुदेखि मुटुसम्म

मुटुदेखि मुटुसम्म
एउटा पुल थापन
विश्वासले भरिएको
चोखो माया गाँसन ।
तिमी हामी मिलेपछि
जित हाम्रै हुनेछ
देशभरि हीरामोती
सुन-चाँदी फुल्नेछ ।
जिन्दगीको वसन्तमा
मन-मयूर नाच्ने छ ।
प्रतिज्ञाबद्ध आज हामी
एकताको मञ्चमा
देश-प्रेम बाँचिरहोस्
सधैं नेपाली मुटुमा ।

❖

# छैन रै' छ तिमीसित, पीर रुने काख

छैन रै' छ तिमीसित, पीर रुने काख
सुख–दुःख बाँड्ने रहर, कसलाई दियौ आज ।
कस्तो–कस्तो लाग्न थाल्यो, तिम्रो सबै माया
मेरो मुटुभरि भने, केवल तिम्रो छायाँ ।
छैन रै' छ............

तिम्रो कसम, तिम्रो वचन, धोखा लाग्न थाल्यो
शीतल तिम्रा मायाहरू, आगो बल्न थाल्यो
छैन रै' छ....

मन पोल्यो, तन पोल्यो, पोल्यो सबै शरीर
तिम्रो माया, मेरो माया, खरानी पारेर ।
छैन रै' छ.....

# रहर थियो एउटा, दुखेको मनमा

रहर थियो एउटा, दुखेको मनमा
दुखेको मनमा
नानी बनेर बस्ने, आँखा आँखामा
आँखा–आँखामा
म त कसिंगर बनिसकेछु
आँखामा नभर्ने गरी सबैको
सबै सबैको
रहर थियो........
अधरभरि मुस्कानको, थियो ठूलो चाहना
सोचे जस्तो हुन्न रै'छ मानिसको जीवन ।
रहर थियो.......
उसले चढ्यो पहाड सुनको,
उसले तऱ्यो नदी चाँदीको
सुनचाँदी के गरूँ म, के गरूँ, म के गरूँ
सुनचाँदी ठूलो होइन
माया ठूलो धन
विश्वासले भरिएको हुन्छ ठूलो मन
मानिसको मन ।

❖

# सुनैसरी आमा मेरी, कति न्यानो काख

सुनैसरी आमा मेरी, कति न्यानो काख
वनैभरि डाफें, मुनाल, सुनैसुनको प्वाँख ।

चैत फुल्छ देशैभरि, सोरठी मालसिरी
माया फुल्छ डालीडाली, उकाली-ओराली ।

कति माया कति माया, लाग्छ तिम्रो आमा
हाँसिहाँसी खेल्न देऊ, तिम्रो चोखो काखमा

हिमालकी जुनलाई, कसैको आँखा नलागोस्
पर्खाल बनी उभिदिन्छौं, बरू प्राण जाओस् ।

❖

# आजको गीत लाएको प्रीत

आजको गीत लाएको प्रीत
विश्वमा छरौंला
कोटी तन, एउटै मन
पारेर बढौंला ।
ज्ञानी माहात्मा जन्मेको थलो
अत्यन्त पवित्र छ
हाम्रो देश हामीलाई
सधैं नै प्यारो छ ।
अत्याचार अन्यायको
जरा नै उखाल्ने छौं
उँचोनीचको भेदभाव
हटाई छोड्नेछौं ।
मुटुको चाल नरोकेसम्म
भाषाको लागि लड्छौं
नदीले सागर धाएझैं
अघि नै बढ्दै जान्छौं ।
*(भाषा आन्दोलनमा गाएको)*

# ए....आमा भन किन,

ए .... आमा भन किन, कोही काख कोही पाखा
बाँचेका छौं आज हामी, अवहेला वेदनाका साथ
ए आमा.........

हाम्रो मादल, हाम्रो डम्फू, हाम्रो परम्परा
हाम्रो प्राणभन्दा प्यारो, हाम्रो मातृभाषा
ए आमा ........
ढुङ्गेलो धर्ती चिरेर नै, उम्रन्छ नेपाली जीवन
आमा तिम्रै सन्तान छौं, माया हामीलाई गर न ।
ए आमा ....
तिम्रै काखमा, तिम्रै सन्तान, यदि टुहुरो बन्दछौं
हाम्रो हक, अधिकार, लिएर नै छोड्नेछौं ।
ए आमा ...........

*(भाषा आन्दोलनमा गाएको)*

❖

# रुन नदेऊ हाम्रो कथा रगतमा डुबेर

रुन नदेऊ हाम्रो कथा रगतमा डुबेर
बाँधी राख साइनो रगतको मायाले कसेर ।
रुन नदेऊ .......

एउटै हो हाम्रो, जीवनको कथा
एउटै हो हाम्रो मुटुको व्यथा
लेख्दै जाऊ इतिहास मायालु मसीले
रुन नदेऊ ......

हुरी चल्यो कस्तो, अस्तित्व सोहरी लाने
बाढी आयो कस्तो संस्कृति खोसी लाने
सुरमा सुर मिलाई, एक भएर गाऊँ
रुन नदेऊ .....

पसिनाको सुवासमा, देश मौलाउनेछ
त्याग बलिदानमा, देश रमाउने छ
काँधमा काँध मिलाई, लौन देश उचालौँ
रुन नदेऊ .......

*(भाषा आन्दोलनमा गाएको)*

❖

# जून फुल्ने आकाशमा

जून फुल्ने आकाशमा, कालो वादल छाएको छ,
माया फुल्ने मनभरि, काँडैकाँडा विझेको छ
आकाश-आकाश उड्ने मनको, प्वाँख झर्न थालेको छ
लक्ष्य पाउने हाँक थियो, दिशाहीन उडेको छ
जून फुल्ने ........

आँगनभरि थरिथरि, फूलहरू फुल्थे
सुवासमा लठ्ठिएर, मायाहरू झुल्थे ।
जून फुल्ने...

कस्तो दिन देख्नु पऱ्यो, रगतको भल नै बग्यो
रित्तिए काखहरू, गुराँसको रङ्ग नै उड्यो ।
जून फुल्ने ...........

❖

# दिनपछि आउँछ साँझ

दिनपछि आउँछ साँझ
साँझपछि रात रे
रातपछि आउने विहानमा
स्वर्णिम किरण नाच्छ रे ।

चराचुरुङ्गी गाउँछन् गीत
चखेवी भेट्छे आफ्नो मीत
शीतमा सुत्ने हरियो वन
चुम्न पुग्छ मन्द पवन ।

शीतको विन्दु टल्कन्छ
कर्कलाको पातमा
जीवनको साँझ सम्भिन्छ
अतीत जीवनको विहान ।

हरियो-भरियो धर्ती
रवि र नील-गगन
माया र मोह गाँस्तछन्
हुँदै मिलनमा मगन ।

# रङ्गीचङ्गी सपना भूलें

रङ्गीचङ्गी सपना भूलें
संगीतको स्वर बिर्सिदिए
मायाको निम्ति, माया दिएँ
आँखाको नानी बन्न खोजें
रङ्गीचङ्गी ........

कमल फुलाउने आँखाको नीरमा
थियो आशा ठूलो, हृदयमा
रङ्गबिरङ्गी फूल पन्छ्याएँ
काँडैकाँडाले जीवन सजाएँ
रङ्गीचङ्गी .........

आफ्नो–आफ्नो भने सबैलाई
आफ्नै ठानें सारा जगत्लाई
हा .... म त कसिंगर बनेंछु
आँखा बिभाउने सधैं सबैको ।
रङ्गीचङ्गी ......... ।

❖

# प्रेम तिम्रो हजार नाम

प्रेम तिम्रो हजार नाम
प्रेमीहरूको चारधाम .........

काली रजनी देख्छौं हामी
तिमी देख्छौ उज्यालो रे
हाँसोमा हाँसो गाँस्छौं हामी
आँसुमा तिमी मुस्काउँछौं रे ।

रूप हजार, स्वर हजार
गुण हजार तिमीमा
तिम्रो हजार छन्दमा
कवित्व जाग्छ कविमा

प्रेमीहरूको सत्य प्रेममा
छल्किन्छ सागर प्रेमको
जीवनमा हाँस्ने, मृत्युमा बाँच्ने
रहेछ पेवा सबैको ।

❖

# जति-जति उज्यालोको

जति-जति उज्यालोको
छेउ म पुग्छु
उति-उति अँध्यारोले
छोप्छ मलाई
जति-जति .....
जति-जति भीड छेउ
छेउ म पुग्छु
उति-उति आफूलाई
एक्लो एक्लो भेट्छु

जति-जति .....
मन जल्यो तन जल्यो
हृदयभरि धुवाँ
साह्रै महँगो हुँदोरहेछ
मानिसको माया
जति-जति........... ।

❖

# सिपीले आफ्नो ठानेर

सिपीले आफ्नो ठानेर
लुकाउँछ मणि छातीमा
तिमी लुकाऊ मलाई
तिम्रो त्यो मुटुमा

रङ्ग छ सबै तिमीमा, सातरङ्गी इन्द्रेणीको
सौन्दर्य छ मुहारमा, सारा संसारभरिको ।

मनमनै माया गाँसें, तिमीलाई आफ्नो ठानें
सम्झना तिम्रो साँचें, संसारै बिर्सन आँटें ।

पीरै-पीरको हृदय, रिझाउन एकखेप आऊ न
माया पुकार्छ आज, चोखो माया देऊ न ।

❖

# जीवन नदीमा कठै - मेटिँदैन

जीवन नदीमा कठै ... मेटिँदैन
तृष्णाको लहरी ।
सपनाहरूमा डुबेर, यातना भेटिन्थ्यो
के गरी ...........
बसिदियो माया तिम्रो, मुटुमा घाउ बनेर
जिउन गाह्रो, मर्न गाह्रो, बाटो तिम्रो कुरेर ।
जीवन नदीमा .......
पराजित सबै सपना, आशाहरूमा डुबाई
रमिता बनेर पनि, पर्खिरहें तिमीलाई
जीवन नदीमा .......
एक झुल्का उज्यालो घामको, मधुर प्रभाती यामको
वैशाखी हावाले कुनै दिन उडाई ल्याएथ्यो एकैछिन
जीवन नदीमा .........

# जानी नजानी गाँसेछ माया

जानी नजानी गाँसेछ माया
        प्रीतिको धागोले
आँटी नआँटी साँचेछ माया
        मुटुको धड्कनले ।
जीवन वनमा हराएँछु
        खोजिदिने को ......?
कसैको मायामा विलाएँछु
        बुझिदिने को ......... ?

सागरझैँ माया छल्किन्छ
        निस्तब्धतामा
प्रीतको गीत गुञ्जिन्छ
        शशीको शीतलतामा ।
ममा आफैँ हराइसकेँ
        खोजिदिने को ?
कसैको मायामा विलाइसकेँ
        बुझिदिने को हो ?

❖

# जति माया दिन्छौ तिमी

जति माया दिन्छौ तिमी
उति माया बढ्दै जान्छ
सकिँदैन कहिल्यै पनि
माया प्रीति बाँडेर....

के पाइन्छ संसारमा
रोई-रोई बाँचेर
के पाइन्छ छातिभरि
झूटो माया साँचेर

बाँच्न देऊ अरूलाई
तिमी पनि बाँचेर
हाँस्न देऊ अरूलाई
तिमी पनि हाँसेर

जीवन प्यारो छ भने त
वर्तमान तिम्रै हो
अँध्यारोमा नडराऊ
बिहानी त तिम्रै हो ।

# भन न भन, मनका कुरा

भन न भन, मनका कुरा
मनमा नराख न
भन्दिँन बरू कसैलाई,
सुटुक्क मलाई भन ।
नयनको पत्र खोलेर, मुटुमा माया घोलेर
हाँस न एकैफेर, जीवनमा सुवास छरेर ।
भन न मन ....... ।
तिमी भाका बन न, म गीत गाई दिउँला
आँखा भरि-भरि, तिमीलाई सजाउँला ।
भन न मन ....... ।
जूनले झैं, जुनेलीमा, परैबाट हाँस न
नयनका पत्रभरि, मायाहरू साँच न ।

❖

# सुन दाजै ए माइती राजै

सुन दाजै ए माइती राजै
छोरीको हारेको कर्मै ....
मन दुःखी दिन्छ, पीर थपी रुन्छ
कसी के होला, भन मेरा दाजै ।
मन त रुन्छ, माइतीको मायाले
माइती भन्छन्, छोरी त पराई ।
चेली त भए, सधैंको बिरानो
हुँदैन कहिले, यो घाउ पुरानो ।
रोई-रोई पनि, हाँसेर जिउँछ
जिन्दगी यहाँ, यस्तै पो रहेछ ।
सुखको बेला, हजारौं होला
यो दुःखी मन, कहाँ गई बिसाउँला
सुन दाजै ....

# कता-कता कसैले, मलाई बोलाएझैं लाग्छ

कता-कता कसैले, मलाई बोलाएझैं लाग्छ
कसैका प्यारा परेलीमा, सबै हराएझैं लाग्छ
मलाई बोलाएझैं लाग्छ ..........
कसैको प्रेमी मनले आज
प्रेम पोखेझैं लाग्छ
मलाई बोलाएझैं लाग्छ ।

कता-कता .....
अथाह सागरझैं भावना, उर्लिउर्ली आउँछ
कसैको मूक मायाले, मुटुलाई छोएर जान्छ
मलाई बोलाएझैं लाग्छ ........
कता-कता कसैले .............

❖

# यो अँध्यारो बस्तीमा

यो अँध्यारो बस्तीमा
वत्ती कहिल्यै बलेन
यहाँ रात सुसाउँछ, आँसुले नै रुभाउँछ
रुभाउँछ ........
यो अँध्यारो .............
गीत अधुरो गाएर, जीवनलाई सजाएर
कसैको माया पाएर, कसैलाई माया लाएर
यो अँध्यारो .........

मौनताको आडमा, बिथोलिएका व्यथामा
बन्द सबै सपना, बन्द सबै विपना
यो अँध्यारो .........

❖

# मायाको छायाँमा, माया यो राख न

मायाको छायांमा, माया यो राख न
मुटुको धड्कनमा, मलाई लुकाऊ न
हाँस्नेछु सधैं तिमीमा,
        हाँसेझैं शीत फूलमा
        बन्नेछु आँसु गहमा
        बर्सन्छु मुहारमा, तिम्रै मुहारमा ।
मायाको .......

बनेर तिम्रै भावना, रहनेछु तिमीमा
        तिम्रै माझमा ........
रच्नेछु गीत सुरिलो, गरेर कल्पना
        तिम्रै कल्पना/मायाको
सिँगार्छ जसरी चन्द्रले, गगनलाई रूप छरेर
त्यसरी नै सिँगारी राख्नेछु, कोमल किरण भरेर
मायाको छायामा ........

❖

# नबजाऊ डम्फु मादल - नबजाऊ

नबजाऊ डम्फु मादल ... नबजाऊ
नहाँस प्राण खोलेर
सयपत्री फुल्ने आगँन ... रुदैछ
नबजाऊ डम्फु मादल ...
धुरुधुरु रूँदैछन्, आमाका रित्ता काखहरू
सहिद वीर सन्तान, तिमीलाई लाखौं प्रणाम
व्यूँभ्काइदियौं सबैलाई ..... व्यूँभ्काइदियौं
सुतेर आफू सधैंलाई
नबजाऊ डम्फु .........

तिमीले खाएको चोटले, नेपाली हृदय चिरिन्छ
तिम्रो आँसुमा डुबेर, नेपाली आज रुदैछ
सहिद सुतेको भूमिलाई ... नचलाऊ
बिन्ति छ अब नजिस्काऊ
नबजाऊ डम्फु र मादल .....
*(भाषा आन्दोलनको गीत)*

❖

# माया लाउन नजान्नेले

माया लाउन नजान्नेले, नलाए है माया यहाँ
जीत मात्र खोज्नेले, मीत नखोजे है यहाँ
माया लाउन ....

जून वाली खोज्ने माया, दीपदेखि डराउँछ
चर्को घामझैँ सम्झना, क्षितिज भई हराउँछ ।
माया लाउन ...

धेरै देखेँ मैले यहाँ, जीत–हार जीवनमा
थरिथरि फूल झरी, शुष्क भए वरिपरि ।
माया लाउने ...

कति रात रोइदिए, रित्तिएका सपनाहरू
कति रात रोइदिए, चर्की जाने मुटुहरू
माया लाउन नजान्नेले ..........

❖

# छातीभरि, मुटुभरि, तिमी-तिमी छौ

छातीभरि, मुटुभरि, तिमी-तिमी छौ
जीवनभरि, साथ दिने बाचा मारेथ्यौ
छातीभरि ..

नीलो-नीलो आकाशभरि, तारा फुलेछ
मनभरि कसले हो, पराग छरेछ
आज मैले सपनीमा, देखें तिमीलाई
सम्झनाले मुटुभित्र, लेखें तिमीलाई
छातीभरि ....

सुवास छरेर प्रेम सजाऊ
प्रेम छरेर स्वर्ग बनाऊ
मन मेरो साटिएछ थाहा नपाई
सपनीले अँगालेछ, विपनालाई
आज मैले सपनीमा, देखें तिमीलाई
सम्झनाले मुटुभित्र, लेखें तिमीलाई
छातीभरि मुटुभरि .......

❖

# जुनेली - चिसो-चिसो उजेली

जुनेली ... चिसो-चिसो उजेली
रुन देन मलाई, शीतल काखमा तन डुबाई
जुनेली .......
ओ मायालु ..... निष्ठुरी नबन
ए ....... सम्झना, सम्झेर बोला
मायामा रूझेर बोला
गीतमा डुबेर बोला
जुनेली .
यो ........ छाती धड्किन्छ मनभरि
कस्तो माया बस्यो है ! मनभरि
पलपल उदासी यो मन
बिसाऊँ कहाँ गई लौ भन ।
जुनेली ........

❖

# दिई गयो एउटै दृष्टिले

दिई गयो एउटै दृष्टिले
धेरै-धेरै शब्दहरू
धेरै-धेरै प्रश्नहरू
विरह अमृत घोलेर
द्रवित यो मन पारेर
भन न कसरी जिऊँ म
जब-जब हेर्छु मुहार
ऐनामा मेरो मुहार
ममा म नै मैले देखिनँ
युगका ए ! मानिसहरू
हल्ला केको होला छातीमा
ममा म नै मैले भेटिनँ

# जीवन पखेरू, उडेर जानेछ

जीवन पखेरू, उडेर जानेछ
मायाको वन्धन, तोडेर जानेछ
वन्धन तोडेर जानेछ
वितेको जीवन, फर्केर आउँदैन
हितको साथी, सबै त हुँदैन ।
दुई ओठ हाँस्तैमा, दुःख त लुक्तैन
हाँसो बाँडिन्छ, आँसु बाँडिदैन
जीवन पखेरू.....
यो जग प्राङ्ण दुई दिनको रामछाया
सुख र दुःख त, एकछिनको घामछाया
यो मरूप्रान्तमा, तृष्णा छँदैछ
मायाको भोको, भोको मर्दैछ
जीवन पखेरू....

❖

# पूर्वबाट उज्यालो आयो

पूर्वबाट उज्यालो आयो
जागृतिको लालिमा छरेर
चरी बोल्छे मधुर स्वरमा
मन नाच्छ प्रीतिको भाकामा
पूर्वबाट .........
वरिपरि हरियाली छाएछ
प्रकृतिले वनमाला जीउभरि लाएछ
पूर्वबाट .......
सुसेलीमा बतासले
गीत गायो वनमा
मगमग वासनाले
प्रीत लायो मनमा
प्रीत लायो मनै मनैमा
पूर्वबाट ..........

❖

# फूल भनी बटुलेथें

फूल भनी बटुलेथें
मनको पछ्यौरीमा ।
मुटु छेड्ने काँडाहरू
पाएँ जीवनमा ।
वसन्तको खुसियाली
बाँडें सबैलाई
सबै मिली रुवाइदिए
मेरो मनलाई ।
प्रकृतिले शिशिरलाई
रुन लायो वनमा
धेरै-धेरै पीरहरू
बसिदिए मनमा
त्यै पनि खुसीहरू
सँगालेर राखें
मनको पीडा धुनलाई
आँसुसित साटें ।

❖

# ओ आकाश ... ओ आकाश –

ओ आकाश ....... ओ आकाश ......
विशालता तिम्रो आज
एकमुठी भए पुग्नेछ
मुटुभरि माया छरेर
चोखो माया गाँस्नुछ
घरिघरि उर्लिन्छ
मायाको लहर
दिन्छौ कि चोखो उपहार
ओ आकाश ..
सागर पनि हराउँछ
आफ्नो गहिराइमा
छातीभरि, मिलनको, बोकी अनुराग
घरिघरि उर्लिन्छ, मायाको लहर
दिन्छौ कि.... चोखो उपहार
ओ ..... आकाश ...
ओ ..... आकाश भन न, रुन्छ किन यो मन
किन भावनामा सधैं, बगिदिन्छ अनन्त भै ।
ओ आकाश ........ ।

❖

# मुटु छुने, इसारा

मुट्टु छुने, इसारा, बुझिदेऊ मायालुको
सुवास चल्यो थरिथरि
बतास चल्यो फूल झारी
मुटु छुने इसारा ...........
रुझाइदियो शरीर
पानी पर्‍यो सिमसिमे
कति मीठो धुन यो गुञ्जियो...
मुटु छुने ...
कस्तो हलचल छातीमा
निष्ठुरी त मनैमा
झन आफ्नो भएर बसिदियो ...
मुटु छुने ...........

❖

# आयो –फेरि तिम्रो याद आयो

आयो ........फेरि तिम्रो याद आयो
छायो मुटुभरि पीर छायो
सुनसान यो रातमा
सुनसान यो रातमा .....
मन उड्यो, रातभरि आउला भन्दै बिहानी .......
तिम्रै हो है सारा माया
        धोखा होइन
मेरो जीवनको साथी तिमी
मेरो मनको सहारा तिमी
आयो फेरि .... तिम्रो याद आयो ...
मेरो घाम, मेरो जुन
        जिन्दगीको झिल्मिल्
साउनको हरियाली
        तिमी रिम्झिम्
आयो ..... फेरि तिम्रो याद आयो .....

❖

# यो मुटुभित्र माया तिम्रो

यो मुटुभित्र माया तिम्रो
लौ अव छैन
नदीझैं वगेर जान्छु
फर्केर हेर्दिनँ ।
फूलजस्तो माया पनि
विझाउने बन्दोरै'छ
प्राणभन्दा प्यारो मान्छे
बिरानो बन्दोरै'छ
यो मुटुभित्र .......
तिमीले दिएका चोटहरू
सहन सक्तैन छातीले
कसम खाएँ अब कहिल्यै
झार्दैन आँसु आँखाले
यो मुटुभित्र .........

❖

# चोखिन्छे रातकी रानी

चोखिन्छे रातकी रानी
दुधिया जुनेलीमा
टल्किन्छन् मोतीका दाना
हरिया पातमा
सुस्ताउँछ रात यहाँ
शीतल छायामा
यो विशाल आकाशभरि
मन उड्यो है पंख फिँजाइ
नरोऊ चखेवी तिमी
तिम्रो नै हो आउने बिहानी
डाँफे, मुनाल डालीमै निदाए
ए ! हावा सुस्तरी बहिदे
चोखिन्छे रात .........

❖

# पोखिएर तिमीभरि घोलिएछु चन्दन

पोखिएर तिमीभरि घोलिएछु चन्दन
कसिएछ सकेसम्म जिन्दगीको बन्धन ।
कति ऋतु आए–गए, कति साँझ छाए
तिमी नै हो सबै ठानें, तिमीलाई नै चाहें ।
कोही भन्छन् झूटो माया, कोही भन्छन्, छलना
निश्छल बत्ती बालें, सानो मेरो मुटुमा
छचल्केला जलधि आँखाका दहमा
सोसिएर तनमा, रसिएर मनमा ।
पोखिएर .......

❖

# आकाशभरि माया छरी नाम लेखिदेऊ

आकाशभरि माया छरी नाम लेखिदेऊ
तिम्रो हाम्रो चोखो मायाले, सारा आकाश भरिदेऊ
धर्ती कति प्यारी छ, अम्बरलाई सोध न
प्रीत र मीत कस्तो हुन्छ, चखेवीलाई सोध न
उषाको सपना कस्तो हुन्छ, अन्धकारलाई सोध न
साथ कसैको कस्तो हुन्छ, जीवनसाथीलाई सोध न
आकाशभरि माया ...

शीतको बिन्दु कस्तो हुन्छ, तप्त पातलाई सोध न
हृदयमा तप्त माया कसैको, कस्तो हुन्छ बुझ न
सुख-दुःख, पीर-मर्का, धड्कनबीच राख न
थरिथरि आकाशभरि, अमर गीत लेख न
आकाशभरि माया ........

❖

# मन मेरो साटिएछ

मन मेरो साटिएछ
थाहा नपाई
बिदा भएँ तिमीसित
भेट नभई
एक्लो थिइनँ, मनले म त
साथ तिमी, तिमी थियौ
बिदा भएँ भेट नभै (२)
सपनालाई विपनाले
छोपेजस्तो लागिरहन्थ्यो
छातीभरि माया तिम्रो
बसेजस्तो लागिरहन्थ्यो
बाटा भरिभरि तिमी
आँखा भरिभरि तिमी
छल्ने थियौ तिमी नै
मन मेरो साटिएछ ........

❖

# आऊ न माया गासौँ न

आऊ न माया गासौँ न
माया हो सागर, सिक पौड्न
आऊ न ...
अँगाल्छन् बिहानी
चखेवा-चखेवी
सँगाल्छन् माया
बिर्संदै रजनी ॥ आऊ न माया गासौँ न ।
सरिता बग्छे
सरसर गर्दै संगम तीरमा
पुग्छे रमाउँदै ॥ आऊ न माया गासौँ न ।
हरित्तिमा धर्तीलाई
चुम्दछ अम्बर
मिलनको आशा
रुँदछ पलपल ॥ आऊ न माया गासौँ न ।

❖

## सम्झना तिम्रो, सँगाल्छ छातीमा भावना

सम्झना तिम्रो, सँगाल्छ छातीमा भावना
भावना विभोर मन, चाहन्छ हुन लीन तिमीमा
पथहारा पन्छीझैं,
        उड्छ मन सदा
थाहा छैन मलाई
        लक्ष्य मेरो छ कता
सम्झना ........

जाउँ भने टाढा कतै, मनभरि छन् पीर सधैं
छोड्दैन साथ मेरो, हिँड्छ सधैं सँगसँगै ।
पानी बिहीन माछाझैं
        छट्पटाउँछु म सधैं
जीवनको अन्त्यसम्म
        पीर धुन्छु आँसुले
सम्झना ............ ।

❖

# मुटुभरि पीर

मुटुभरि पीर
पीरभरि गीत
आँखाभरि आँसु
कसरी म हूँ !
सुस्केराहरूमा
आशा बिलाउँछन्
ओठहरू त्यसै
किन हाँसिदिन्छन्
आँसुको स्वाद
कति नुनिलो छ ?
कसैले किन
बुझिदिँदैनन् ।
मुटुभरि पीर .........
तिमी मेरो जिन्दगीको

❖

# तिमी मेरो जिन्दगीको

प्रार्थना कि अर्चना
एउटा मीठो गीत तिमी
मुटुभरिको मुर्च्छना ।
रूझीरूझी झरीबीच
हाँस्न मैले सिकिसकें
काँडाबीच जिन्दगी यो
बाँच्न पनि सिकिसकें
तिम्रो प्रेमी मनभित्र
तिम्रै प्रेमी बनिसकें
जिन्दगीका मायाहरू
मनभरि साँचिसकें ।

❖

# नीला-नीला आँखाबीच

नीला-नीला आँखाबीच
मोतीदाना भेटैं
मूक तिम्रो माया मैले
सागरजस्तो देखें । नीला ॥
सागरबीच सिपी छ है
सिपीबीच मोती
मोतीबीच राखी देऊ है
चोखो मायाप्रीति ॥ नीला ॥

फूल हाँस्छ वासनामा
गीत हाँस्छ स्वरमा
माया हाँस्छ मायालुमा
जून हाँस्छ रातमा ॥ नीला ॥

प्रेम मृगतृष्णा होइन
बालुवाको घर होइन
साथ जन्म-जन्मान्तरको
सम्झी राख मनमा ॥ नीला ॥

❖

# सम्झी थाक्छ सम्झना

सम्झी थाक्छ सम्झना
मनमा तिम्रै तृष्णा
तिम्रो माया लाग्छ किन भन न ?
उर्लिन्छ सागरको लहरी
सागरकै बीच मनपरी
उर्लिन्छ सम्झना मनमा
तिम्रो माया लाग्छ किन भन न ?
त्यो चरी पनि गाउँदछे
सुरिलो भाका लाएर
मायालुलाई सम्झेर
तिम्रो माया लाग्छ किन भन न ?

कसरी बोलाऊँ तिमीलाई
कसरी सम्झाऊँ मनलाई
थाहा छैन केही
के भयो आज मलाई
तिम्रो माया लाग्छ किन भन न ?

# आँखामा आँसु छल्किन्छ

आँखामा आँसु छल्किन्छ
ओठमा हाँसो अड्किन्छ
न लोभ्याऊ त्यसरी मायाले
छातीमा आगो दन्किन्छ ।
आँखामा .....

टाढाको जूनझैं हाँसिदेऊ
सम्झना मेरो साँचिदेऊ
राधाको आधाझैं मायाले
प्रीतिको धागो गाँसिदेऊ ।
आँखामा ..........

सधैं फक्रिन्छ मायाको फूल
सधैं ओइलिएर झर्छ
सधैं वसन्त आई च्याउँछ
सधैं शिशिर छाउँछ ।
आँखामा ...........

❖

# सम्झना गर्दिनँ कसैको मैले

सम्झना गर्दिनँ कसैको मैले
माया म लाउँदिनँ भनेंछु मैले ....... ।
खुलुलु बग्दछ खहरे खोला
त्यसरी नै सर्दछ पलपलमा बेला
नआऊ जीवनमा कोही पनि
नआऊ कोही साथी बनी
सम्झना ..........
सक्दिनँ हाँसोलाई आँसुमा गाँस्न
सक्दिनँ गीतलाई पीरले छोप्न
नआऊ जीवनमा कोही पनि
नआऊ कोही साथी बनी
सम्झना ................
ओइलिन्छ फक्रेर सुन्दर फूल
ओइलिन्छ जीवनको यौवन फूल
नआऊ जीवनमा कोही पनि
नआऊ कोही साथी बनी
सम्झना ...........

# आज रिम्झिम् झिम्झिम् पानी पऱ्यो आऊ न !

आज रिम्झिम् झिम्झिम् पानी पऱ्यो आऊ न
मनमा छ तिम्रै सम्झना ........
सननन चल्ने पवन
सुस्केरा हाल्छ
पीर बोकी हिंड्ने बादल
आँसु बनी झर्छ ।
आंज रिम् .....
तिमी बिना जीवन यो
सधैं एक्लो हुन्छ
तिम्रो जीवन साथी बन्ने
मनमा प्यास जाग्छ ।
आज रिम् .........
कल्पनामा चन्चल
भई उड्यो यो मन
मलाई रुवाउन
छल गऱ्यौ किन
आज रिम् ....... ।

❖

## करूणामय ए आमा

करूणामय ए आमा
राख न तिम्रो मायामा
देख्छौं रूप ईश्वरको
शान्त तिम्रो मुहारमा ।
लक्ष्य छ, साह्रै टाढा
हामी छौं साह्रै साना
समाती हिंड्न देऊ
तिम्रो पछ्यौरीको छेउमा ।
गएथे 'आमस्ट्रङ्', 'एल्ड्रिन्'
साथमा थिए 'कलिन'
भेट्न चन्द्र लोकमा
हाम्रा मामा कहाँ ।
मामा त त्यहाँ छैनन् रे
दुःख लाग्यो सुनेर
राम्रा टल्कँदा शीलाको
पहाड पो त्यहाँ छन् रे ।
आशिष तिम्रो आमा
थाप्नेछौं सधैं माथमा
छातीमा आँट बटुली
पुग्नेछौं नौलो देशमा ।
वुल् वुल् वुल् वुल् बुल्वुले
चुल् वुल् चुल्वुल् चुलवुले

❖

# बुल् बुल् बुल् बुल् बुलबुले

मामा पापा बोली हिंड्छ
मीठो तोते बोली
तोते बोलीमा मोति झर्छ
झर्छ मनको झोलि ।
बुल् बुल् ...

थाम् थाम् थुम् थुम् बामे सर्ने
तने भोटो सुहाउने
पूर्णिमाको जूनझैं सधैं
मनमा उदाई रहने ।
बुल् बुल् .....

बन तिमी गुणी ज्ञानी
भाग्य विधाता देशको
अहिंसाको बाटो रोज
खोजी गर प्रकाशको ।
बुल बुल् ........

# ए मन प्यारी

ए मन प्यारी
मनकी चरी
सुटुक्क मलाई भन न
हुँदैन किन
शीतल यो मन
वतास चलेर सनन ।
तलतल भीरमुनि
बगेको खोलो हेर्दछु ।
नाचेको देख्छु
हाँसेको देख्छु
गीत मधुर सुन्दछु ।
पारि-पारि डाँडापारि
उडेको देख्छु त्यो चरी
देऊ न चरी
एउटा प्वाँख
म पनि उड्छु मनपरि ।
मनभरि उड्छु
प्राणभरि हाँस्छु
जूनको हाँसो खोसी ल्याउँछु ।
देऊ न चरी
एउटा प्वाँख
म पनि उड्छु मनपरि ।

❖

# सुन हे सुन ... नेपाली जाति

सुन हे सुन ....नेपाली जाति
जातिलाई चिन्दैन
जातिको सेवा नै देशको सेवा
यो क़िन बुझ्दैन ?
सुन हे सुन .......

मयुरको प्वाँख कागले लाउँदा
मयूर हुँदैन ......... मयूर हुँदैन
नेपाली बाँचे नेपाल बाँच्छ
यो किन बुझ्दैन
सुन हे सुन ...

दुई छाक खाई पशुले पनि
शरीर त पाल्दछ
मानव हौं है मानवसित
मानवझैं बाँच्नु छ
ए मेरा जाति हृदय खोली
कहिले पो हाँस्यौ र ?
उत्तर, दक्षिण, पूर्व र पश्चिम
बलिदान भएर ।

❖

# शिरीष फुल्यो, वनभरि

शिरीष फुल्यो, वनभरि
मनभरि, थरिथरि
मन त मेरो उडाई लग्यो
कता–कता पारि–पारि
डाँडापारि ........
शिरीष फुल्यो ......

शून्यताको घुम्टो ओढी
बतासै चल्यो है
साउनको संकेतमा
हरियाली छायो है
शिरीष फुल्यो ....

वनभरि सुसेलीमा
बतासले गीत गायो
मनभरि माया छरी
कसले नि प्रीत लायो ।
शिरीष फुल्यो ...........

# यो फूल किन फक्रियो

यो फूल किन फक्रियो
हाँस्नै नपाउने ....
यो कस्तो सुख होला
आँसुमा डुबाउने
यो फूल कस्तो .....
गीत किन गुञ्जिदिन्छ
जीवनलाई मात पार्ने
आशाहरू सबै
समाधि बनेर रोइदिने
यो कस्तो घाम लाग्यो आज
निद्रा नै खलबलिने
मीठा–मीठा सपना
सबै सोहोरी लैजाने

## नजलाऊ श्रद्धाको सागर

नजलाऊ श्रद्धाको सागर
अर्को हाहाकार जन्मेला
थपिदेऊ उचाइहरू
भावना पवित्र पारेर
नजलाऊ ......
अमूर्त रूप प्रेमको
सजाऊ चोखो छातीमा
नउमारिदेऊ तृष्णा
वालुवाको आँधीमा
नजलाऊ .......
अल्मलिन्छ वैशाखी हावा
अल्मलिन देऊ
मनको पीडा धुन्छ भने
मनलाई रुन देऊ ।
नजलाऊ ..........

❖

# इतिहास लुकाउने आँखालाई

इतिहास लुकाउने आँखालाई
दिएछ धोखा आँसुले
सम्भना सँगाल्ने मनलाई
लगेछ उडाई कसले .....
इतिहास .....
विश्वास नै टुटेछ
बासना उडिदिएछ
फूल त्यसै भरेछ....भरेछ
इतिहास ........
बन्द मेरा ओँठहरू
बन्द नै रहनेछ
चोट सहने मुटु मेरो
सधैँ-सधैँ रुनेछ
सधैँ-सधैँ रुनेछ........ रुनेछ
इतिहास ...........

❖

# बिर्सिदेऊ मलाई

बिर्सिदेऊ मलाई
विन्ति हजार गर्छु
बिर्सन्छु आफैंलाई
आँसु बनेर झर्छु
बिर्सि .......

नियास्रो यो जिन्दगी
नियाल्न न आइदेऊ
मलाई मेरै हालतमा
बिन्ति छ छोडी जाऊ
बिर्सि .......

बिथोलिएका व्यथामा
जीवन अनलको तापमा
लुकाऊँ भन्छु मनको पीर
बगिदिन्छ बनेर नीर
बिर्सि ..........

# किन आँखालाई अश्रु दियौ

किन आँखालाई अश्रु दियौ
किन जीवनलाई तिर्सना
कस्तो यो उपहार दियौ
        केवल वेदना ...
        किन आँखालाई .......
सागरजस्तो माया थियो
मायाको घाम थियो
जुनेलीको काखभरि
चिसो-चिसो हावा थियो ॥ किन ....... ॥
        कम्पित अधरहरू
        सुस्केरामा बाँधिए
        सधैं-सधैं घाउहरू
        चर्-चर् चर्किदिए ॥ किन ..... ॥
कसो गरी ठानिदिनु
तृष्णालाई तृप्ति भनी
कसो गरी बाँचिदिनु
रोदनलाई हाँसो भनी
किन ......... ॥

❖

# बिर्सिदिन सक्ने भए

बिर्सिदिन सक्ने भए
बिर्सिदिन्थें हजुरलाई
फर्काइदिन्थें सबै माया
मुटु चुंडी लैजानेलाई ।
बिर्सिदिने .....
सूर्योदयमा सकिएछ
रातहरू मिलनको
क्षितिजभरि बिलाएछ
पहिचान जिन्दगीको ।
बिर्सिदिन .......
कस्तो साइनो गाँसिएछ
गाँस्नुअघि चुँडिएछ
हाँस्न सिक्छु भन्दाभन्दै
रोदनभरि डुबिएछ ।
बिर्सिदिने ............. ।

❖

# धेरै हुन्छन् आकाशभरि

धेरै हुन्छन् आकाशभरि
ताराहरू थरिथरि
मेरो मनले रोजेको
तिमी नै हौ एउटी परी ।
धेरै हुन्छन् .......
कति आँसु छल्के
कति पीर बल्झे
चिनजानको परेलीमा
तिम्रो छवि खिँचें
धेरै हुन्छन् .......
विश्वास गर तिम्रै थिएँ
तिम्रै छु सधैँलाई
मेरा हर खुसीहरू
उपहार तिमीलाई
धेरै हुन्छन् ........

❖

# कति लुकाऊँ पीरहरु

कति लुकाऊँ पीरहरू
थपिथपी दबिइदविई छातीभरि
पीरहरू बगिदिन्छन्
पीरहरू बगिदिन्छन् .....
घरिघरि नीर बनी ।
कति लुकाऊँ .....
यो जीवन, यस्तै हो
कैले हाँसो कैले आँसु
कति झूटो कति साँचो
कति टाढा, कति आफ्नो
पीरहरू बगिदिन्छन् .....
घरिघरि नीर बनी
कति .......
आज यहाँ भोलि कहाँ
कसले जान्ने, कसलाई थाहा
कोही आई भनिदेऊ न
सत्य शान्ति तिम्रो मेरो
कति लुकाऊँ .........

## ए— के भयो आज मेरो यो मनलाई –

ए....... के भयो आज मेरो यो मनलाई ....
मभित्र मेरो मन आज हरायो
तलाउजस्तो थियो मन
कसले चलायो
यो मन कसले चलायो ।
ए .........के भयो ........

किनहोला मनभित्र कोही वसिदियो
किन आज मलाई, यस्तो रोग लाग्यो ।
ए .......के भयो ..........

आँखाभरि निष्ठुरीले वास वसिदियो
झरीजस्तै आँखाबाट आँसु झारिदियो
ए ....... के भयो .....
किनहोला मनभित्र कोही वसिदियो ।

❖

# धर्तीमा स्वर्गजस्तो, मेरो प्यारो देश

धर्तीमा स्वर्गजस्तो, मेरो प्यारो देश
थरिथरि भाषा बोल्छौं, थरिथरि भेष .... ।
उभिएका थुम्का-थुम्का, चाँदीका हिमाल
प्रकृतिले सजाएको, मेरो प्यारो नेपाल ।
सुख-दुःख साट्छौं हामी, मायाप्रीति बाँड्छौं
अनेकतामा एकताको, गीत सधैं गाउँछौं ।
धर्ती .......
वरिपरि हरियाली, पहाड मैदान
फैलिएको मेचीदेखि, महाकालीसम्म
जति माया दिन्छौं हामी, उति बढ्दै जान्छ
एउटा मनदेखि अर्को, मनसम्म पुग्नुपर्छ
धर्ती .......
यहीं जन्मे शान्तिका दूत, ज्ञानी महाबुद्ध
यहीं जन्मे शूरवीर, अमर बलभद्र
ज्यानको मायाभन्दा ठूलो, देशको माया हुन्छ
स्वदेशको सुखसामु, सबै-सबै तुच्छ हुन्छ ।
धर्ती ......... ।

❖



**चन्द्रकला नेवार**

जन्म : सन् १९४२, आसाम डिकमोड
आमा : कुमारी प्रधान
बुबा : भक्तबहादुर प्रधान
श्रीमान : डा. हि बि श्रेष्ठ
हालको ठेगाना : काठमाडौं, बानेश्वर, -४७८३८५०

**प्रकाशित कृतिहरू** : ममता-कथासङ्ग्रह (पहिलो सं २०२२ -दोस्रो सं.-२०६१)
: चन्द्रकला नेवारका नेपाली गीतहरू (गीति एल्बम सन्-१९८८)
: चक्रव्यूह- कवितासङ्ग्रह (पहिलो सं. २०५०- दोस्रो सं.२०६२)
: साँघुरो धरातल -कथासङ्ग्रह-२०६२
: तृष्णाको लहरी- गीतसङ्ग्रह -२०६२
: भोलिलाई मेरो आज - कवितासङ्ग्रह - २०६१
तथा विभिन्न पत्रपत्रिकामा रचनाहरू प्रकाशित

**संलग्नता** : अध्यक्ष- मितेरी नेपाल
: अध्यक्ष विश्व नेपाली गोर्खा सेवा केन्द्र (महिला विभाग)
: उपाध्यक्ष- गुञ्जन
: आजीवन सदस्य- नारी साहित्य प्रतिष्ठान
: आजीवन सदस्य- वनिता त्रैमासिक
: आजीवन सदस्य- साहित्यिक पत्रकार संघ
: आजीवन सदस्य- वाणी प्रकाशन,
: आजीवन सदस्य- भानु
: आजीवन सदस्य-सुनसरी साहित्य प्रतिष्ठान

**पुरस्कार/मानसम्मान** : अखिल भारतीय नेपाली भाषा समिति असम राज्य शाखाद्वारा- अभिनन्दन
: असम प्रगतिशील साहित्य कला संगमद्वारा- सम्मान
: अखिल भारतीय लघुकथा प्रतियोगितामा - प्रथम १९६३
: लोकप्रिया पुरस्कार -२०५७
: नवरंग साहित्य सम्मान-२०६०
: असहाय मिलन केन्द्रद्वारा-विशेष सम्मान २०६२

**भ्रमण** : इङ्ल्याण्ड , स्विडेन .

ISBN 99946-829-2-X
9799994682927

गुञ्जन